# संघीय संसद
# प्रतिनिधि सभा
# विकास तथा प्रविधि समिति
# बैठक संख्या : १३९

मितिः २०७९/०२/१७

छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका माननीय मन्त्री, मन्त्रालयका सचिव, रेल तथा मेट्रो रेल विकास आयोजनाका प्रमुख र सम्वद्ध पदाधिकारीहरुसँग रेल तथा मेट्रो रेल विकास आयोजनाको वर्तमान अवस्थाको सम्वन्धमा छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१ आ.व २०६६/६७ मा सुरु भएको रेल, मेट्रो रेल तथा मोनो रेल पूर्वाधार विकास आयोजनाले हालसम्म पनि गुरुयोजना (Master Plan) नबनाई काम अगाडी बढाएकोमा समितिको गम्भीर ध्यानाकर्षण भएको छ । यसरी राष्ट्रिय महत्वको आयोजना सुरु गर्दा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनाको खाका बनाइ प्राथमिकताका आधारमा समयमै गुणस्तरीय रुपमा सम्पन्न हुने गरी आयोजना अगाडी बढाउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र रेल विभागलाई निर्देश गर्दछ ।

२ समितिबाट मा. सभापति कल्याणी कुमारी खड्काको संयोजकत्वमा देहाय बमोजिमका माननीय सदस्यहरु रहने एक संसदीय टोलीले मिति २०७९ साल असार ७, ८ र ९ गते जनकपुर-जयनगर-कुर्था-बर्दिबास हुँदै निजगढसम्मको निर्माणाधीन रेल पूर्वाधार आयोजनाको स्थलगत अनुगमन भ्रमण गर्ने ।

| | |
|---|---|
| (क) मा. सभापति कल्याणी कुमारी खड्का | संयोजक |
| (ख) मा. अनिल कुमार झा | सदस्य |
| (ग) मा. आशा कुमारी वि.क. | सदस्य |
| (घ) मा. ईन्दु कुमारी शर्मा | सदस्य |
| (ङ) मा. गजेन्द्र बहादुर महत | सदस्य |
| (च) मा. मिनाक्षी झा | सदस्य |
| (छ) मा. रंगमती शाही | सदस्य |

३ समितिका माननीय सदस्यहरु सहितको एक संसदीय टोलीले उपयुक्त समयमा चाँदनी-दोधरा जोड्ने महाकाली नदीको निर्माणाधीन चार लेनको पुलको स्थलगत अनुगमन भ्रमण गर्ने । संसदीय टोलीमा सहभागी हुने सदस्यहरु माननीय सभापतिले चयन गर्ने ।

४ समितिका माननीय सदस्यहरु सहितको एक संसदीय टोलीले उपयुक्त समयमा राप्ति लोकमार्गको स्थलगत अनुगमन भ्रमण गर्ने । संसदीय टोलीमा सहभागी हुने सदस्यहरु माननीय सभापतिले चयन गर्ने ।

५ नागरिकलाई प्रदान गरिने सेवामा सरलीकरण गर्ने उद्देश्यका साथ अगाडि सारिएको "डिजिटल नेपाल फ्रेमवर्क २०७६" मा आधारित रहेर "डिजिटल पूर्वाधारको विस्तार, समृद्धिको आधार" विषयक कार्यशाला गोष्ठी समितिका माननीय सदस्य र समिति सचिवालयको सहभागिता रहने गरी यही असार १० र ११ गते आयोजना गर्ने आवश्यक व्यवस्थाका लागि समिति नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ ।

६ समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

(ओमबहादुर कार्की)
समिति सचिव

(कल्याणी कुमारी खड्का)
सभापति